श्रीमान अध्यक्षज्यू,

Delegates from FIFA and AFC

एन्फा सम्पुर्ण केन्द्रीय पदाधिकारीज्यूहरु,

एवम उपस्थित सम्पुर्ण प्रतिनिधीज्यूहरु, पर्यवेक्षक एवम महिला तथा सज्जन वृन्द

यस गरिमामय साधारणसभा प्रस्तुत विषयहरु माथी केहि टिप्पणी एवम सुझाव र सशोधनहरु पेश गर्ने अनुमति चाहन्छु। यसमा प्रवेश गर्नु भन्दा अगाडी केहि समासामयिक र महत्वपूर्ण बिषयमा यहाहरुको ध्यान आकृष्ट गर्ने अनुमति चाहन्छु।

Respected delegates from FIFA,AFC Before entering in to the discussion of agendas of AGM I would like to kindly draw your attention on the following current issue,

Vice President of All Nepal Football Association, Mr Dawa Lama, has been sentenced to 5 years in prison by the Court of Appeal for a drug-related offense, and he has to be suspended from this meeting as the District Court of Kathmandu has informed that he has 4 years and 1 month to serve for his offense in prison.

Similarly, as it is known that a corruption-related complaint has been filed against the General Secretary Mr. Kiran Rai in the Abuse of Authority Investigation Commission and that he has changed the WhatsApp number he used in FIFA and AFC , after the rumors of corruption with vendor KTM CTY. I would like to request the honorable assembly to suspend Mr. Rai from his duty until the investigation is completed and form a committee for internal investigation.

After the working committee meeting decided to open the advertisement for the CEO appointment, the next meeting reversed the decision of the previous meeting and decided to directly appoint Indraman Tuladhar as the CEO, which is against the law and illegal and majority ex co members submit their reservation against this decision.

अखिल नेपाल फुटबल सघका केन्द्रीय उपाघ्यक्ष दावा लामा ज्यूलाई लागू औषध सम्बन्धी कसुर मा सम्मानित पुनरावेदन अदालत बाट ५ बर्षको जेल सजाय भएको र ४ बर्ष १ महिना कैद भुक्तान गर्न बाकी रहेको लगत कसि जिल्ला अदालत काठमाण्डौले जानकारी हुन आएकाले उहालाई यसै सभाबाट निलम्बन गरियोस ।

त्यसैगरी सघका महासचिब किरण राई बिरूद अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भ्रष्ट्रचार सम्बन्धी ऊजुरी परेको र ऊहाले फिफा तथा एफ सी मा आफुले प्रयोग गर्नु भएको whatsapp नम्बर परिवर्तन गर्नु भएको जानकारी भएकाले सो अनुसन्धान नसकिउनजेल निलम्बन गरी आन्तरिक छानबिनको लागी समिती गठन गर्नको लागी सम्मानित सभामा अनुरोध गर्न चाहान्छु।

कार्यसमिति बैठकले सिईओ नियुक्तीको विग्यापन खोल्ने निर्णय पश्चात अर्को बैठकले अघिल्लो बैठकको निर्णय उल्टाउदै ईन्द्रमान तुलाधारलाई सिधै सिईओ नियुक्ति गर्ने निर्णय गरियो। जुन विधान विपरित र अवैधानिक रहेको छ।

सभाका सदस्यज्यूहरु,

अध्यक्ष पकज विक्रम नेम्वाङज्यूको अध्यक्षमा निर्वाचित भए पश्चात पहिलो नियमित साधारण सभा लगभग २० महिनाको अवधीमा बस्दै छौ। हामिले यसबिचमा भएका गतिविधीहरुको पनि सुक्ष्म ढङगले अध्ययन र विमर्श गर्नु पर्ने भएको छ। हाम्रा अगाडी भएका सबै कामहरुको सामाजिक अडिटको पनि जरुरत आजको आवश्यकता हो।

सुशासन पार्दशिता सामुहिक नेतृत्वको नारा लिएर निर्वाचित भएका हामिले त्यसलाई कति पालना गर्न सक्यौ त? म यहा सुशासनको सेतो गाडीको उदाहरण पेश गर्ने अनुमति चाहान्छु।

उदाहरण।

महासचिव र कोषाध्क्षयको नियुक्तिमा सेवा सुविधा कार्यसमितले पास नगरी १ लाख २० हजार र ८५ हजार तलब लिनुभएको छ। महासचिवज्युको सुशासन ईलेक्ट्रिक गाडी चढेर मासिक ४००-५०० लिटर डिजेल र पेट्रोल आफ्नो नामको कुपनबाट नेता कार्यकर्तालाई बाड्नु मा रहेको छ। अनि आफ्नो भान्जि MBBS DOCTOR लाई कन्सल्टेन्टमा नियुक्त गर्नुमा रहेको छ। अनि कोषाध्यक्षको पार्दशिता प्रभु बैंकमा फिक्स डोपोजिट गर्ने क्रममा सस्थालाई करिब १ लाख आर्थिक नोक्सानि भएको छ। अनि बिरामी भएको ३ महिनामा १२० लिटर पेट्रोल स्कुटरमा हाल्नु भएको छ।

सुशासन र आर्थिक पार्दर्शिताको अर्को नमुना स्थानिय निर्वाचन २०७९ का पराजित उम्मेदवार सन्जिव पाण्डेलाई सिनियर अकाउन्टेन्टमा नियुक्ति दिईएको र निर्वाचन अवधीको राजिनामा दिईएको भनिएको समयको पनि तलब भुक्तानी गरिएको छ।

गोरखा जिल्ला फुटबल सघले विभिन्न विषयमा आवाज उठाउदै पुनरावेदन समितिहरुमा विभिन्न समितिमा निवदेन दिएको भए पनि त्यसलाई पुरै वेवास्ता गरिएको छ । हालसम्म कुनै पनि प्रतिक्रिया त्यस सम्बन्धमा दिईएको छैन।

अब म बिषयमा प्रवेश गर्ने अनुमति चाहान्छु।

अध्यक्ष ज्यूको प्रतिवेदनमा (ज) (अ) ए डिभिजन लिग सम्पन्न भएको उल्लेख गरियो तर त्यसमा विजेता चर्च ब्वाईज युनाईटेड रहेको तर रेलिगेशनमा परेका टिमहरु बारे मौन रहेको पाईयो के हामिले रेलिगेशन विनाको ए डिभीजन लिग सन्चालन गरेका हौ।

(झ)एकिकृत तथा पुनरावलोकन गरिएको वासलात एवम नाफा नोक्सान सम्बन्धि विवरण- यो सम्बन्धी कागजपत्र ईमेल मा प्राप्त नभएको ।

(ञ) (अ) लेखा परिक्षण प्रतिवेदन २०७९।८० सम्बन्धमा

१) कुनै पनि आम्दानी तथा खर्चको सम्पूर्ण विविरणहरु अनुसुची बनाएर समावेश गरिएको छैन।
२) कार्यालय व्यवस्थापनमा एउटै शिर्षकमा धेरै पटक रकम निकासा भएको।
३) दिपक खतिवडालाई विना कुनै कार्यक्रम रू ७ लाख पेश्की रकम उपलब्ध गराईएको। सो को कारण खुल्न नसकेको र आ ले प ले उल्लेख गरेपछि नगद नै जम्मा गर्न लगाई पेश्कि फर्छ्यौट गर्न लगाईएको।
४) एन्फाको आर्थीक कार्यविधीले पुरानो पेश्की फर्छ्यौट नगरी नया पेश्कि दिन नपाउने उल्लेख गरेको छ।तर विभिन्न पदाधिकारी तथा कर्मचारीलाई बारम्बार पेश्की दिईएको छ।
५) केल्मि चाईना कम्पनि सग पुरानो ५१ लाख भन्दा धेरै रकम लिन बाकि रहेता पनि पुन यस आवमा नया सम्झौता गरी ६६ लाखको समान खरिद गरिएको।
६) साफ लगाएत नेपालमा सन्चालन भएका सम्पुर्ण प्रतियोगिताहरुको हर हिसाब अनुसुची बनाएर प्रष्ट रुपमा देखाउनु पर्ने।
७) आव ७९।८० को कुनै पनि करको रकम हरु कर कार्यालयमा जम्मा नगरिएको।जम्मा TDS payable ८८ लाख भन्दा बढी रहेको र सो को १५% ब्याज र हर्जना समेत तिर्ने जिम्मेवारी कसले लिने हो? (व्यकिगत उदाहरण)
८) सोभेनिएर सप, जिम हल र फिटनेस सेन्टरको सम्पुर्ण काम नसकी पैसा पुरा भुक्तानि गरिएको साथै भेरिएसनको कुनै पनि कागजात बिना थप रकम समेत भुक्तानि भएको।
९) AFC बाट प्राप्त हुने रकम १९४५२५७६ खर्च हुन नसकी unused fund refund हुन गएको छ।
१०) ललितपुर महानगरपालिका लाई ३ लाख रकम पेश्कि प्रदान गरिएको छ।
११) कतार विश्वकपको उठ्नु बाकी हिसाब( लिनु पर्ने ) पैसालाई पेश्कि रकमको रुपमा देखाईएको छ।

(आ) बर्ष २०२४ को कार्यक्रम सम्बन्धमा

अखिल नेपाल फुटबल सघको कार्यसन्चालन नियमावली २०७५ को परिच्छेद २(प) मा प्रष्ट रुपमा आर्थीक बर्ष भन्नाले श्रावण १ गतेदेखि असार मसान्तसम्म हुनेछ" भनेर उल्लेख गरिएकाले यस सभाले असार भन्दा पछाडिको कार्यक्रमहरु पारित गर्ने अधिकार नहुने जानकारी गराउदछु।

(ठ)कार्यसमिति तथा सदस्यहरुले राखेको प्रस्ताव उपर छलफल सम्बन्धमा। (अ)सघको आर्थीक नियमावली तथा आर्थीक कार्यविधिमा सशोधन सम्बन्धमा।

एन्फाको विधान धारा ६७ (३) मा आर्थीक समितिको परिकल्पना गरिएको र कोषाध्यक्ष सो समिति प्रति उतरदायि हुनु पर्ने देखिन्छ र हाल रहेको आर्थिक नियमावली मा सोअनुरूपको व्यवस्था रहेको छ तर त्यसलाई शशोधनमा कोषाध्यक्ष बनाईएकाले नियम सङगत र नियत सङगत पनि यो जायज रहेको छैन।

यसमा शशोधनको लागी कार्यसमितिले निर्णय गरेर समिति बनाएर गर्नु पर्ने हो कि सचिवालयले सिधै प्रस्ताव गर्ने सक्ने हो मनलाग्दी रुपमा आर्थीक समिति र कार्य समितिको अधीकार महासचिव र कोषाध्यक्षमा निहित हुने गरेर?

धन्यवाद

अमित खत्री